# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/०७ गते

## प्रेस विज्ञप्ति

### विषय: अनुसन्धान अधिकृतहरुलाई निर्देशन।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव डा. राजन खनालले आयोगको काम अनुसन्धानमुखी भएकाले आयोगमा परेका उजुरीका विषयमा सत्यता प्राप्त गर्ने गरी अनुसन्धान गर्न अनुसन्धान अधिकृतहरुलाई निर्देशन दिनुभएको छ ।

आयोगमा सरुवा भई आएका अनुसन्धान अधिकृत तथा अन्य तहका कर्मचारीहरुलाई दिइएको अनुसन्धान सम्वन्धी अभिमुखीकरण तालिमका सहभागीहरुलाई बुधवार आयोगको केन्द्रीय कार्यालयमा निर्देशन दिँदै सचिव डा. खनालले अन्य निकायको भन्दा आयोगको कार्य गम्भीर र जटिल भएकाले यसको मर्म र भावना बुझेर काम गर्न निर्देशन दिनुभयो ।

उहाँले आयोगमा अनुसन्धान अधिकृतहरुले गरेको अनुसन्धानको पनि अनुसन्धान हुने हुनाले आफूले गरेको कामको पुनः अनुसन्धान गर्ने अवस्था नआओस भन्ने तर्फ सचेत भइ ऐन नियम र कानुनी दस्तावेजहरुको समेत राम्रोसँग अध्ययन गरेर कार्य सम्पादन गर्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो । सचिव खनालले तालिमबाट विभिन्न तहका कर्मचारीलाई आ- आफ्ना विषयमा दक्षता प्राप्त गर्न सहयोग पुग्ने विश्वास समेत व्यक्त गर्नुभयो ।

तीन दिनसम्म सञ्चालन हुने उक्त अभिमुखीकरण कार्यक्रममा आयोगको गठन, सांगठनिक स्वरुप,काम, कर्तव्य र अधिकार तथा आयोगको पदाधिकारी र कर्मचारीको आचार संहिता विषयमा सहसचिव कालीप्रसाद पराजुली, प्रारम्भिक र विस्तृत अनुसन्धान प्रक्रिया विषयमा सहन्यायाधिवक्ता शंकर खत्री, अनुसन्धान प्रतिवेदन तयारी र निर्णय तथा अभियोजन पत्र लेखन सम्वन्धमा सहन्यायाधिवक्ता हरिप्रसाद जोशी, अनुसन्धान सम्वन्धी सूचना संकलन, सम्प्रेषण, सूचना प्रसारण विषयमा सहसचिव दीर्घराज मैनाली र सार्वजनिक खरिद अनुसन्धान सम्वन्धी सु.ई. रविन्द्रनाथ श्रेष्ठले प्रशिक्षण दिनुहुनेछ ।

त्यसैगरी सहसचिव बालकृष्ण घिमिरेले कार्यस्थलमा हुने तनाव व्यवस्थापन विषयमा, सहन्यायाधिवक्ता मुरारीप्रसाद पौडेलले अभियोजन गर्दा देखिएका समस्या र सुधारका उपायहरु विषयमा, सहसचिव विष्णुप्रसाद पोखरेलले उजुरी उपरका समग्र चरणका विषयमा र प्रहरी नायव महानिरीक्षक उत्तमकुमार कार्कीले प्रस्तुती कलाका विषयमा प्रशिक्षण दिनुका साथै आयोगको सूचना संकलन र अन्य प्राविधिक विषयमा जानकारी गराइने छ । तालिममा विभिन्न तहका कर्मचारी र अनुसन्धान अधिकृत गरी ३४ जनाको सहभागिता रहेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता